उमाकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०८२/०८३ मितिः २०८२/१२/२७
चलानी नं. 9568

# गणक आवश्यकता सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/२७)

गरीब घरपरिवार पहिचान गरि परिचयपत्र वितरण गर्नका लागि घरपरिवारको स्थलगत तथ्याङ्क संकलन गर्ने कार्यका लागि तपसिल बमोजिमको पद र संख्यामा **गरीब परिवार परिचयपत्र वितरण कार्यविधि, २०७९** र गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क संकलन सम्बन्धी मार्गदर्शन बमोजिम गणक आवश्यकता भएकोले दरखास्त दिने अन्तिम दिनमा १८ वर्ष पुरा भइ ४५ वर्ष ननाघेका, तपसिलका योगेता पुगेका इच्छुक उमाकुण्ड गाँउपालिका भित्र स्थायी वसोवास गर्ने नागरिकहरूवाट दरखास्त पेश गर्नका लगि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गाउँपालिकाको बेभसाइट https://umakundamun.gov.np/?q=sample-forms बाट फर्म डाउनलोड गरी फारम भरी तोकिएका कागजात सहित उमाकुण्ड गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा सक्कलै दरखास्त फाईल पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| पद | माग संख्या | कार्य क्षेत्र | करार अवधि | न्यूनतम योग्यता | छनौट बिधि |
|---|---|---|---|---|---|
| गणक | १४ | उमाकुण्ड गाँपालिका भित्रका ७ वडा | १ महिना | १०+२ | सर्टलिष्ट र अन्तर्वार्ता |

**निवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरू (निवेदक स्वयंले प्रमाणित गरी):**
-नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
-न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरूको प्रतिलिपि,
-अनुभवको प्रमाणपत्रको प्रतिलिपि भएमा,
-अन्तर्वार्तामा उपस्थित हुँदा सक्कल कागजात सहित उपस्थित हुनु पर्नेछ ।

**अन्य सीप तथा प्राथमिकता :-**
-कम्प्युटर सम्बन्धी आधारभूत सिप भएको,
-साथमा एन्ड्रोइड मोबाइल भएको र मोवाइल तथा कम्प्युटर युनिकोडमा टाइप गर्न सक्ने,
-उमाकुण्ड गाँपालिका स्थायी बसोबास भएको खुल्ने कागजात,
-यस अघि तथ्याङ्कसंकलन कार्यमा अनुभव प्राप्त गरेको भएमा प्रमाण पत्र ।

**सेवा तथा सुविधाहरू :-**
- तथ्याङ्कसंकलन वापतको पारिश्रमिकः प्रति परिवार रू. ८५/- उपलब्ध गराइने।
- यातायात तथा खाजा खर्चः १ महिनासम्मको लागि यातायात तथा खाजा खर्च वापतको प्रतिदिन (तथ्याङ्क संकलन भएको दिन) रु २००।- (दुई सय) उपलब्ध गराइने ।
- सञ्चार खर्च : एकमुष्ठ रू ७००।— (सात सय) उपलब्ध गराइने ।
- अन्य विषयमा गरीब घरपरिवार पहिचान सम्बन्धी कार्यविधि तथा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**दरखास्त दस्तुरः-**
- रू ५००/- राजश्व शाखामा नगदै बुझाएको सक्कलै रसिद अनिवार्य रुपमा दरखास्त फाईलका साथ पेश गर्नु पर्ने छ । साथै यस सम्बन्धमा थप जानकारीको आवश्यक भएमा उमाकुण्ड गाँपालिका सूचना प्रबिधि शाखामा उपस्थित भईसोधपुछ गर्न वा फोन ९८६५०६२९२० मार्फत सोधपुछ गर्न सकिनेछ ।

२०८२/१२/२८
धनिन्द्र भुजेल
प्रमुख प्रशासकीय अधिकृत